बैठक संख्या -८३

आज मिति २०७६।१२।२१ गते शुक्रवार यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको बैठक भुम्लु गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

१ श्री गुमानध्वज कुँवर – अध्यक्ष
२ श्री कल्पना कुमारी श्रेष्ठ – उपाध्यक्ष
३ श्री खीर बहादुर श्रेष्ठ – सदस्य
४ श्री कृष्ण कुमार कार्की – सदस्य
५ श्री ज्ञान बहादुर तामाङ – सदस्य
६ श्री लोक बहादुर कुँवर – सदस्य
७ श्री अचल कुमार लामा – सदस्य
८ श्री भरत बहादुर शिवभक्ती – सदस्य
९ श्री रमेश राज खरेल – सदस्य
१० श्री मोतिलाल तामाङ – सदस्य
११ श्री दल बहादुर तामाङ – सदस्य
१२ श्री चित्र बहादुर तामाङ – सदस्य
१३ श्री माया तामाङ – सदस्य
१४ श्री सानुमाया पहरी – सदस्य
१५ श्री उर्मिला वि. क. बराइली – सदस्य
१६ श्री सावित्रा अछामी – सदस्य
१७ श्री बालकृष्ण पहरी – सदस्य
१८ श्री शंकर नेपाली – सदस्य
१९ श्री मदन कुमार बजगाँई – सदस्य सचिव

Scanned with CamScanner

प्रस्तावहरुः

१ वडास्तरीय राहत वितरण व्यवस्थापन सम्बन्धमा

२ श्रमिक वर्ग र असहायहरुलाई राहत वितरण सम्बन्धी मापदण्ड सम्बन्धमा ।

३ क्वारेन्टाइन स्थापना र व्यवस्थापन सम्बन्धमा ।

४ कोरोना संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष स्थापना सम्बन्धमा

५ डीसइन्फेक्सन किटनाशक औषधि छर्ने सम्बन्धमा ।

६ घरबहाल रकम घरबहाल कर सम्बन्धमा ।

७ एम्बुलेन्स सेवा सम्बन्धमा ।

८ विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

९. कोरोना संक्रमण रोकथाम तथा उपचार कोष संचालन कार्यविधि सम्बन्धमा।

१०. कर्मचारी प्रोत्साहन तथा तलब रोक्का सम्बन्धमा ।

निर्णयहरुः

१ प्रस्ताव नं १ उपर छलफल गर्दा यस गाउँपालिका लकडाउनको समयमा दैनिक ज्यालादारीमा काम गर्ने तथा असहाय वर्गलाई राहत वितरणको सम्पूर्ण व्यवस्था सम्बन्धीत वडा कार्यालय तथा वडास्तरीय कोरोना समन्वय समितिमार्फत असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराईने राहत सम्बन्धी मापदण्ड २०७६ बमोजिम गर्ने र सो कार्यको लागि आवश्यक साधन स्रोतको व्यवस्था गाउँपालिकाले उपलब्ध गराउने निर्णय गरियो ।

२ प्रस्ताव नं २ उपर छलफल गर्दा भुम्लु गाउँपालिकाको असंगठीत क्षेत्रमा कार्यरत श्रमिक वर्ग र असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

३ प्रस्ताव नं ३ उपर छलफल गर्दा यस गाउँपालिकामा कोरानाको संक्रमणको संकाश्पद व्यक्तिहरुलाई समुदायको सम्पर्कबाट टाढा स्वास्थ्यकर्मीको निगरानीमा राख्नको लागि यस गाउँपालिकाको वडा नं ८ स्थित प्रकाश माध्यमिक विद्यालयमा ३० वेडको क्वारेन्टाइन स्थापना गर्ने र सो को व्यवस्थापनको लागि तपशिल बमोजिमको समिति गठन गरी त्यहाको सम्पूर्ण व्यवस्थापनको लागि आवश्यक स्रोत साधनको व्यवस्थापन सम्पन्बधी कार्य तथा आवश्यक समन्वय गर्ने जिम्मेवारी तोक्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक- | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य- | सम्बन्धित वडाको वडाध्यक्ष |
| सदस्य- | अधिकृत, प्रशासन शाखा |
| सदस्य- | सम्बन्धित विद्यालयको प्रधानाध्यापक |
| सदस्य- | प्रमुख, शिक्षा शाखा |
| सदस्य- | प्रहरी चौकी इन्चार्ज |
| सदस्य | सचिव- स्वास्थ्य संयोजक |

४ प्रस्ताव नं ४ उपर छलफल गर्दा यस गाउँपालिका क्षेत्रमा कोरोना रोगको नियन्त्रण तथा उपचारको लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापनको लागि यस गाउँपालिकाको यस आर्थिक वर्षको शिर्षक नं ७२ खर्च शीर्षक नं ३१५११ मा भैपरी आउने पूँजिगत खर्च मा विनियोजित रु ८ लाख ३७ हजार ६२० मध्येबाट रु ५ लाख रकमान्तर गरी कोष स्थापना गर्ने निर्णय गरियो । साथै कोरोनाको रोकथाम नियन्त्रण र उपचार कार्यको लागि अन्य विभिन्न निकायहरुबाट प्राप्त रकमहरु समेत यसै कोषमा जम्मा गरी खर्च गर्ने निर्णय गरियो ।

५ प्रस्ताव नं ५ उपर छलफल गर्दा यस गाउँपालिकाको मानिसहरुको धेरै आवागमन हुने राजमार्ग क्षेत्र तथा मुख्ख मुख्य बजार क्षेत्रमा डीसइन्फेक्सन किटनाशक औषधि छर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

६ प्रस्ताव नं ६ उपर छलफल गर्दा यस गाउँपालिका क्षेत्रमा घर बहालमा लिएर बसेका मानिसहरु तथा व्यापार व्यवसायीहरुलाई २०७६ सालको चैत्र महिनाको घरबहाल रकम नलिन सम्पूर्ण घरधनीहरुलाई आव्हान गर्ने तथा यसरी घरबहाल रकम नलिएका घरधनीहरुलाई यस गाउँपालिकाबाट सो महिनाको घरबहाल कर छुट दिने निर्णय गरियो ।

७ प्रस्ताव नं ७ उपर छलफल गर्दा नेपाल सरकारले आव्हान गरेको लकडाउनको समयमा कोरोनाका शंकास्पद विरामीहरुलाई गाउँपालिका भित्र वा वाहिरका कुनै स्वास्थ्य संस्थामा आउने जाने कार्यको लागि यस गाउँपालिका मातहतका एम्बुलेन्सले निः शुल्क सेवा उपलब्ध गराउने र सो बापत लाग्ने आवश्यक खर्च आकस्मिक कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

८ प्रस्ताव नं ८ उपर छलफल गर्दा यस गाउँपालिकाको विपद व्यवस्थापन समितिको मिति २०७६।१२।२१ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

९ प्रस्ताव नं ९ उपर छलफल गर्दा यस भुम्लु गाउँपालिका कोरोना संक्रमण रोकथाम तथा उपचार कोष संचालन कार्यविधि २०७६ स्विकृत गर्ने निर्णय गरियो ।

१० प्रस्ताव नं १० उपर छलफल गर्दा नेपाल सरकारले आव्हान गरेको बन्दाबन्दीको समयमा खटिएका सम्पूर्ण स्वास्थ्यकर्मी लगायतका कर्मचारीहरुलाई नेपाल सरकारको निर्णय तथा निर्देशनहरुमा तोकिए बमोजिम थप प्रोत्साहन उपलब्ध गराउने तथा यस विना जानकारी / विदा स्विकृत नगराई अनुपस्थित हुने कर्मचारीको तलब रोक्का गर्ने निर्णय गरियो ।

Scanned with CamScanner